**CDC Journal, Year 33, No. 47, August 2025, DOI: https://doi.org/10.3126/cdj.v33i47.83476**
**Received Date: May 19, 2025 Accepted Date: August 3, 2025**

# 'नयाँ अठोट' कविताको सांस्कृतिक अध्ययन

***चतुर्भुजलाल दास केवरत***
पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर
**इमेल :** *cldkewrat@gmail.com*

## लेखसार

*'नयाँ अठोट' प्रगतिवादी कवि जगदीश चन्द्र भण्डारीद्वारा रचित समाजवादी यथार्थवादी कविता हो । प्रस्तुत कवितामा नेपालको ऐतिहासिक सन्दर्भ, दमन, शक्तिविमर्शका साथै सीमान्तीकृत वर्ग, जाति, समुदाय, लिङ्ग, क्षेत्रका विविध विषयवस्तुको यथार्थपरक प्रस्तुति छ । विवेच्य कविताको बारेमा हालसम्म सांस्कृतिक विमर्शका दृष्टिकोणबाट अनुसन्धान नभएकाले यही नै प्रस्तुत अध्ययनको मुख्य समस्या हो । यही समस्याको प्राज्ञिक समाधानको लागि प्रस्तुत अध्ययन गरिएको हो । सांस्कृतिक अध्ययनअन्तर्गत बहुविषयहरु पर्दछन् । प्रस्तुत अध्ययनमा विषयवस्तुको ऐतिहासिक सन्दर्भ, राष्ट्रियताको प्रश्न, वर्गीयता, प्रभुत्व र प्रतिरोध मात्रको अध्ययन गरिएको छ । यस अनुसन्धानमा 'नयाँ अठोट' कवितालाई प्राथमिक सामग्रीको रूपमा प्रयोग गरिएको छ भने सांस्कृतिक अध्ययनको सैद्धान्तिक विषयवस्तु र कविताको विश्लेषणका क्रममा पुष्ट्याइँका लागि प्रयुक्त सामग्रीहरूलाई द्वितीयक सामग्रीको रूपमा प्रयोग गरिएको छ । विवेच्य कविताको अध्ययनका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत कवितालाई पाठमा आधारित विश्लेषण विधिको प्रयोग गरी व्याख्या गरिएको छ । यस कवितामा राज्य संरचनामा शासक वर्गका ज्यादती, तिनका अन्याय, अत्याचार, आर्यनश्लीय एवम् कथित उच्च जातीय दम्भले गर्दा सीमान्तीकृत वर्ग, जाति, जनजाति, भाषाभाषीका नागरिकहरु सामाजिक न्याय पाउनबाट वञ्चित रहेका तथ्यको खोलुवा गरिएको छ । यसका साथै देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राजनीतिक व्यवस्था आइसक्ता पनि निम्न वर्ग एवम् सीमान्तीकृत जाति, समुदाय, लिङ्ग, भाषिक समुदाय तथा क्षेत्र विशेषका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक जीवनशैलीमा तात्त्विक अन्तर नआएको हुँदा कविले आक्रोश व्यक्त गर्दै नयाँ कोणबाट क्रान्ति गर्नुपर्ने उद्घोषसमेत गरेका छन् ।*

**शब्दकुञ्जी :** उत्पीडन, शक्तिसम्बन्ध, शासन, शोषण, सामाजिक न्याय ।

## विषयपरिचय

'नयाँ अठोट' कवितामा कवि जगदीश चन्द्र भण्डारीले सामन्त वर्गका शोषण, अन्याय, अत्याचार एवम् सीमान्तीकृत वर्ग, जाति, समूह, जनजाति, सभ्यता, क्षेत्रका उत्पीडन, वञ्चितीकरणका सन्दर्भलाई केन्द्रीय कथ्य बनाएका छन् । प्रस्तुत कवितामा राज्यका विभिन्न संरचनामा आर्य नश्लीय र कथित उच्च जातीय एकल हैकमका कारण यहाँका सीमान्तीकृत आदिवासी जनजाति, मधेसी, दलितलगायतका विविध जातजातिका मानिसहरू सामाजिक न्याय पाउनबाट बञ्चित रहेका सन्दर्भको उठान गरिएको छ । कवि भण्डारीले राज्य सञ्चालकहरू आफ्ना व्यक्तिगत, पारिवारिक, दलगत स्वार्थ पूरा गर्नका लागि राष्ट्रिय स्वाधीनता र अस्मितामा आँच आउने खालका सन्धि सम्झौता गरेका तथ्य प्रस्ट्याएका छन् । नेपालमा राजनीतिक व्यवस्था परिवर्तन भएर सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान लेखिएर रूपमा परिवर्तन भए पनि सारमा परिवर्तन नभएको कविको ठहर छ । सदियौँदेखि शासनसत्तामा हालीमुहाली गर्दै आएको आर्य नश्लीय कथित उच्च जातिका मान्छेकै भाषा, वेशभूषा, संस्कार तथा संस्कृतिले राज्यमा अविच्छिन्न शासन गरिरहँदा यहाँका गैरआर्य नश्लका एवम् गैर उच्च जातीय तथा विपन्न वर्गीय मानिसहरू विभिन्न खालका विभेद, उत्पीडन, शोषण झेल्दै आएकाप्रति कविको खबरदारी छ । राज्यको शासन व्यवस्थामा सबै वर्ग, जाति, समूह, भाषा, संस्कार तथा संस्कृतिका मानिसहरूको सम्मानजनक र समानुपातिक प्रतिनिधित्व नभएकाले सबै प्रकारका विभेदरहित समाज निर्माण गर्न क्रान्ति गर्नुपर्ने उद्घोषसमेत कविको छ । उनले आम नेपाली नागरिकले सामाजिक न्याय पाउनका लागि प्रतिरोधी सङ्घर्ष गर्नुपर्ने प्रबुद्ध वर्गलगायत सबैलाई आह्वानसमेत गरेका छन् ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनको लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा प्रगतिवादी कवि जगदीश चन्द्र भण्डारीको कविता 'नयाँ अठोट'लाई प्राथमिक सामग्रीको रूपमा चयन गरिएको छ भने कविता विश्लेषणको लागि आवश्यक सन्दर्भसामग्री र सांस्कृतिक अध्ययनको सैद्धान्तिक विषयवस्तुलाई द्वितीयक सामग्रीको रूपमा प्रयोग गरिएको छ । विवेच्य कविताको विश्लेषणका लागि पाठमा आधारित विश्लेषण विधिको उपयोग गरी विषयवस्तुको अर्थापन, सत्यापन गरी वस्तुपरक निष्कर्ष निकालिएको छ ।

### सैद्धान्तिक पर्याधार

सांस्कृतिक अध्ययनको आरम्भ इङ्गलैन्डबाट भएको हो । इङ्गलैन्डमा समकालीन सांस्कृतिक अध्ययन केन्द्र (Center for Contemporary Cultural Studies—CCCS) को स्थापना सन् १९६४मा भएको थियो । यस संस्थाको स्थापनामा रिचर्ड होगार्ट, रेमन्ड विलियम्स, इ.पि. थम्पसन र स्टुआर्ट हलको भूमिका रहेको छ । सांस्कृतिक अध्ययन सन् १९६० पछि बेलायती सांस्कृतिक अध्ययनका रूपमा प्रारम्भ भएको समालोचकीय मान्यता हो । यस अध्ययनमा धारागत विविधता रहेका छन् ।

यो बहुअनुशासनात्मक अध्ययन पद्धतिमा आधारित भएकोले यसले अन्य विषयका सीमालाई उल्लङ्घन गरेको छ (बार्कर, सन् २००४, पृ. ५) । सांस्कृतिक अध्ययनले समाजका बहुविषय तथा सन्दर्भलाई आफ्नो अध्ययनक्षेत्रभित्र समेट्ने काम गरेको छ । यस अध्ययनले सर्जकका अभिव्यक्ति, संस्कृति, सङ्कथन, विचारधारा, पहिचान, लोकप्रिय संस्कृति, शक्ति, प्रतिनिधित्व र पाठसँग सम्बद्ध मुख्य अवधारणाहरू तथा विचारहरूको अध्ययनलाई आफ्नो दायराभित्र समेट्छ । यसका साथै यसले मान्छेका नियमित जीवनका विभिन्न व्यवहार, सामाजिक संस्थान र प्रणालीका वर्गीकरण एवम् निश्चित मूल्यमान्यताहरू, विश्वासहरूलाई इङ्गित गर्दछ (बार्कर, सन् २००४, पृ. ४३–४४) । सांस्कृतिक अध्ययन स्वअनुशासनात्मक विषयलाई आफ्नो अध्ययन क्षेत्रभित्र समेट्ने भएकाले यसको अध्ययनको मूल पक्ष सत्ता र राजनीतिसँग पनि सम्बन्धित छ । यही आधारमा यसले मूलतः वर्ग, जाति, लिङ्ग र राष्ट्रियतासमेतको अध्ययन गर्दछ । त्यसबाहेकका उमेरसमूह, अपाङ्गता, पर्यावरण, लैङ्गिकता, सांस्कृतिक संस्था, सौन्दर्यशास्त्रको राजनीति, विमर्श र पाठात्मकता, अनुशासनात्मकता, जनजातीयता, इतिहासको पुनर्विचार, उत्तरआधुनिकतावाद, सांस्कृतिक अध्ययनको इतिहाससम्मको अध्ययनमा जोड दिन्छ (लिच, सन् २०१०, पृ. ३६२) । सांस्कृतिक अध्ययनले साहित्यिक कृतिलाई सांस्कृतिक उत्पादनको संज्ञा दिन्छ । यसले पाठात्मक विश्लेषण मात्र नगरी सामाजिक, आर्थिक, राजनीतिक, संस्थागत र सांस्कृतिक उत्पादन, वितरण, उपभोगको ऐतिहासिक स्थितिका बारेसमेत अध्ययन गर्दछ (लिच, सन् २०१०, पृ. ३४१) । सांस्कृतिक अध्ययनमा साहित्यिक कृतिलाई पाठ मानेर तिनका विविध पक्ष एवम् सन्दर्भबारे सम्यक् अध्ययन गरिन्छ । सांस्कृतिक अध्ययन बहुअनुशासनात्मक र अन्तर्अनुशासनात्मक रहेको छ । प्रस्तुत अनुसन्धानअन्तर्गत अठोट कवितालाई मुख्य आधार बनाई मूलभूत रूपमा शक्तिविमर्शसँग सम्बन्धित दमन, वर्चस्व, प्रतिरोध, प्रतिरोध, राष्ट्रिय अस्मिता मात्रको वस्तुपरक विश्लेषण गरिएको छ ।

## छलफल तथा विमर्श

नेपालमा विगत लामो समयदेखि विभिन्न कालखण्डमा विविध रूपको राजनीतिक परिवर्तन भएको पाइन्छ । राज्यमा शासन व्यवस्था परिवर्तन भए पनि उत्पीडित, सीमान्तीकृत वर्ग, जातजाति, लिङ्ग, क्षेत्र विशेषका मानिसहरू अझै पनि सामाजिक न्याय पाउनबाट वञ्चित रहँदै आएका छन् । जगदीश चन्द्र भण्डारी मूलतः सर्वहारा वर्गीय मानवतावादका पक्षधर कवि हुन् । उनले प्रायजसो कविता मार्क्सवादी सौन्दर्यचिन्तनका दृष्टिकोणबाट लेख्दै आएको पाइन्छ । विवेच्य कवितामा पनि मार्क्सवादको वर्गीय सन्दर्भको केन्द्रीय कथ्य विद्यमान छ यद्यपि प्रस्तुत आलेखमा कवितालाई पाश्चात्य सांस्कृतिक अध्ययनका दृष्टिकोणबाट विश्लेषण गरिएको छ । प्रस्तुत कवितामा पृथ्वीनारायण शाहले यहाँका आदिवासी जनजाति, मधेसी र मैथिललाई दमन गरेर आफ्नो राज्य विस्तार गरेको सन्दर्भलाई कविले तथ्यपरक ढङ्गबाट प्रस्तुत गरेका छन् । देशमा वि.सं. २०६३ सालमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भइसक्ता पनि भुइँमान्छेका सामाजिक, आर्थिक, राजनीतिक जीवन एवम् तिनका प्रतिनिधित्वका अवस्थामा तात्त्विक भिन्नता नआएकोप्रति कविको चित्तदुखाइ छ । यस

कवितामा जनगणतन्त्रवादी प्रगतिवादी कवितामा उत्पीडित वर्ग, जातजाति, जनजातिका मुक्तिकामी स्वर मुखरित भएको छ । यतिबेलाका कवितामा जातीय मुक्तिका सवालहरू प्रखर रूपमा उठान गरिएको पाइन्छ । समकालीन नेपाली कवितामा अमूर्त विषयको सट्टा स्पष्ट बिम्बसहित प्रस्तुति पाइन्छ (सुवेदी, २०६६, पृ. ४६) । विभिन्न प्रतीक र विम्बहरूको प्रयोग गरी रचिएको यो गद्य कविता हो । नयाँ विशेषणलाई व्यञ्जनाको तहमा नयाँ राजनीतिक परिवर्तन र अठोटले सङ्कल्प गरेको देखिन्छ । नेपाली समाजमा विद्यमान विभिन्न खालका विभेदको अन्त्य गरेर सबैले सामाजिक सामाजिक न्याय पाउन सक्ने खालको जनगणतन्त्रवादी व्यवस्थाको आवश्यकतालाई यस शीर्षकले इङ्गित गरेको देखिन्छ । कवि भण्डारीले राज्यमा उत्पीडित रहेका वर्ग, जाति, समूह, लिङ्ग र क्षेत्रका मानिसका पक्षमा कलम चलाएका छन् ।

## दमन

कुनै व्यक्ति, समूह, वर्ग र राज्यसत्ताले आफूभन्दा कमजोर र निरीह व्यक्ति, समूह, वर्ग तथा राज्यसत्तामाथि आफ्नो शक्तिको प्रयोग गर्ने काम दमन हो । दमन शक्तिविमर्शसँग जोडिएको हुन्छ । पृथ्वीनारायण शाहले केन्द्रीकृत राज्य विस्तारका सन्दर्भमा आफ्ना सेना परिचालन गरेर यहाँका विविध जातजाति, जनजाति, मैथिल, मधेसी, दलितलगायतका सीमान्तीकृत समुदायमाथि दमन गरेको सन्दर्भ सांस्कृतिक अध्ययनअन्तर्गत महत्वपूर्ण रूपमा लिन सकिन्छ । भण्डारीले ऐतिहासिकताको कालक्रमिक सन्दर्भमा सत्ता र सत्ताले तत्कालीन समाजमा पारेको प्रभावलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । उनको प्रस्तुत कवितामा समकालीन सन्दर्भहरूको वस्तुपरक प्रतिविम्बन भएको छ । राजनीति, विज्ञान, कला, सौन्दर्य चेतनाबाट समकालीनताको परिप्रक्ष्यमा युगचेतनाको निर्माण भएको हुन्छ (शर्मा, २०७८, पृ. २४) । भण्डारीको प्रस्तुत कवितामा वर्गीय, जातीय, लैङ्गिक, सांस्कृतिक, वैचारिक र शक्ति विमर्शका सन्दर्भहरू प्रस्ट रूपमा अभिव्यक्त भएका छन् ।

पृथ्वीनारायण शाहले राज्य विस्तार गर्नुपूर्व राष्ट्रोन्मुख समुदायका राज्य थिए । तीमध्ये कतिपय त भर्खर भर्खर कविलाबाट राष्ट्र निर्माणका प्रक्रियामा थिए भने कतिपय कविलाहरू आफ्ना जातीय, भाषिक, सांस्कृतिक पहिचानका लागि संगठित बन्दै विशिष्ट पहिचानका लागि सङ्घर्षरत थिए । यस्तै विषयवस्तुसँग मेलखाने नेवार राज्यको संरचना थियो । नेवार समुदाय कविलाबाट विकसित भएर राष्ट्रको ढाँचामा अगाडि बढिसकेको थियो, साझा भाषा, साझा भूभाग, साझा आर्थिक प्रणाली र साझा सांस्कृतिक जीवनपद्धति भएको ऐतिहासिक रूपले निर्मित जनताको सुदृढ समुदायलाई राष्ट्र भनिन्छ (पोस्टिग्ल्योन, सन् १९९५, २६०-२६१) । 'राष्ट्र' शब्दले कुनै समुदाय विशेषका साझा भूगोल, साझा भाषा, संस्कृति, साझा आर्थिक प्रणालीलाई इङ्गित गर्दछ । पृथ्वीनारायण शाहले नुवाकोट विजय गरिसकेपछि छरछिमेकका राज्यमाथि दृष्टिपात गरेको देखिन्छ । उनले कीर्तिपुरमाथि पटक पटक आक्रमण गरेर आफ्नो आधिपत्य कायम गरेको पाइन्छ । शाहले कीर्तिपुर विजय गर्दा त्यहाँका आदिवासी जनजातिमाथि दमन गरेको सन्दर्भलाई प्रगतिवादी कवि जगदीश चन्द्र भण्डारीले यसरी प्रस्तुत गरेका छन्, "कीर्तिपुरवासीका नाक काट्दा होस्" (@)*@, moolbato.

com) । पृथ्वीनारायण शाहले वि.सं. १८१४ जेठ १९ गते पहिलोपल्ट कीर्तिपुरमाथि आक्रमण गरेका थिए । यस पटकको लडाइँमा गोर्खाली सेनाले ठुलो क्षति बेहोर्नु परेको थियो । यस युद्धमा गोर्खाली सेनाका मुख्य व्यक्तित्व कालु पाण्डेलगायत ४०० जना गोर्खाली सेनाहरू मारिएका थिए । त्यसैगरी वि.स. १८२१ भाद्र महिनामा गोर्खालीहरूले कीर्तिपुरमा दोस्रोपटक आक्रमण गरेका थिए । यतिबेलाको युद्धमा दलमर्दन शाहको आँखा फुटेको थियो । दुई दुई पटक पराजय भोगेका गोर्खाली सेनाहरूले तेस्रो पटकको आक्रमणमा कीर्तिपुर विजय गरेका थिए । दुइटा युद्धमा धेरै ठुलो जनधनको क्षति बेहोरेका पृथ्वीनारायण शाह कीर्तिपुरबासीप्रति क्रुद्ध भएर कडा प्रतिशोध लिएका थिए । उनले कीर्तिपुरे भाइभारदारलगायत धेरैका नाक काट्ने आदेश दिएका थिए (दाहाल, २०५८, पृ.१२५–१२९) । पृथ्वीनारायण शाहले कीर्तिपुरबासीलाई चरम यातना दिएको इतिहास साक्षी छ । त्यतिबेला कीर्तिपुरका नेवार आदिवासी जनजातिहरूको नाक कान काटेका थिए । यसका विरूद्धमा बेला बेलामा नेवारहरू प्रतिरोध र विरोध पनि गरेका थिए (शेर्पा, २०७१, पृ.४३) । पटक पटकको पराजयपश्चात् कीर्तिपुर विजय गरेका पृथ्वीनारायण शाहले कीर्तिपुरबासीमाथि प्रतिशोधको भावनाले कडा शारीरिक र मानसिक यातना दिएको देखिन्छ ।

## एकल वर्चस्व

नेपाल राज्य निर्माण भएदेखि नै राज्यसत्तामा आर्य नश्लीय कथित उच्च जातीय मानिसहरूले एकछत्र शासन गरेको देखिन्छ । नेपालका गैर आर्य तथा गैर उच्च जातिका मानिसहरू विगत लामो समयदेखि नै शासनसत्ता बाहिर वञ्चितीकरण र वहिष्करणको पीडा भोग्दै आएका तथ्यलाई कविले गम्भीरता पूर्वक उठान गरेका छन् । यहाँ बहुसङ्ख्यक जातजाति एवम् भाषा, संस्कृतिका मानिसहरू सीमान्तीकृत जीवन बाँच्न बाध्य रहेका तथ्यलाई जगदीश चन्द्र भण्डारीले प्रस्तुत कवितामा यसरी उठान गरेका छन्,

तिमीहरूकै
नापनक्साका
तिमीहरूकै भाषा
बोली भेष भएका
उस्तै उस्तै थरगोत्रका
मानिसकै राइँदाइँ थियो
तिमीहरूको गणतन्त्रमा (भण्डारी, २०८२, moolbato.com) ।

राज्यका विभिन्न निकायमा, नीतिनिर्माण गर्नेदेखि लिएर कार्यान्वयन गर्ने तहसम्म टाठाबाठा भनाउँदा आर्यनश्लीय उच्च जातीय मानिसका प्रभुत्व भएकाले गैर आर्यनश्लका किराँत, मंगोल र गैरउच्च जातिका मानिसहरू सदियौँदेखि उत्पीडनका सिकार हुँदै आएको पाइन्छ । तत्कालीन संरचनामा शासक वर्गका निकटस्थ कथित उच्च जातिका मानिसहरूले गैर आर्यका जातजाति एवम् भाषा संस्कृतिलाई अपव्याख्या गरेको सन्दर्भ यसप्रकार रहेको छ,

जंगली स्वाँठे तिघ्रे पाखे,
खर्पने डोकेको देश हो नेपाल,
भगवान राखिदेउ यी यसै गरी
यी सभ्य भए हाम्रो सिरिखुरी कहाँ जाला ?
तिघ्रे र पर्वते स्वाँठे जुन हाम्रा दाज्यु-भाइ छन्,
ती तेही रही बाचुन् हुनु पर्दैन सभ्य ती,
बाहुन क्षत्रीयबाट मन्त्रिमण्डल जोरनु,
मतवाली कतै नहुल्नु,
अयोग्य मतवाली र पाखंडी, नीच निर्दयी ।
पस्यो भने मण्डलमा राज्य उठ्ठा गराउछ
बाहुन-क्षत्रियैबाट मन्त्रिमण्डल जोरनु ।
त्यस्तै मन्त्री लिई रक्षा गरनू राज्यको सधैँ ।। (उद्धृत शेर्पा, २०७१, पृ. ५९) ।

उपर्युक्त साक्ष्यमा गैरआर्य नश्लका आदिवासी जनजातिहरूलाई पाखे, खर्पने र स्वाँठ भनी अपव्याख्या गरिएको प्रस्ट छ । यस साक्ष्यले तत्कालीन सामाजिक संरचनामा यहाँका सोझा एवम् इमानदार स्वभावका आदिवासी जनजातिलाई मूर्ख र असभ्य भनी व्याख्या गरी तिनलाई शासन सत्तामा सहभागी नगराउनु भन्ने दुराशयलाई अभिव्यञ्जित गरेको छ । उपर्युक्त साक्ष्यले यहाँका आर्य नश्लीय कथित उच्च जातिका मानिसहरूले किरात, मंगोल लगायतका गैरआर्य नश्लीय जाति एवम् समुदायमाथि एकल शासन गर्ने नीति अख्तियार गरेको ऐतिहासिक सन्दर्भलाई उजागर गरेको छ । यस सन्दर्भले विगत लामो समयदेखि नै आर्य नश्लीय कथित उच्च जातिका मानिसहरूले गैर आर्य र गैर उच्च जातिका मानिसलाई हेर्ने समाज मनोविज्ञानलाई इङ्गित गरेको छ । विगतमा सत्तासीन नश्ल, जाति एवम् वर्गले आफूहरु विद्वान्, ज्ञानी एवम् सक्षम रहेको भाष्य निर्माण गरेर गैरआर्य एवम् गैर उच्च जातिका मानिसलाई लठुवा, पाखे, अक्षम देखाउन खोजेका छन् । भाष्यको सम्बन्ध शक्तिसँग जोडिएको हुन्छ (फुको, सन् २००३, पृ.५४) । शक्ति विमर्शका दृष्टिकोणबाट शासनसत्तामा रहेको वर्ग, नश्ल र जाति एवम् लिङ्गका मानिस शक्तिशाली हुन्छ र ऊ आफू अनुकूल कानुन बनाएर सत्ताइतर वर्ग, नश्ल, जाति र लिङ्गमाथि आधिपत्य कायम गरी शासन सञ्चालन गर्छ । सत्तासीन वर्ग, नश्ल, जातिले आफू अनुकूल ज्ञानको उत्पादन गरेर आफ्नो विषयवस्तुलाई वैधानिक र प्रामाणिक बनाएर सत्ताइतरका माथि थोपर्ने काम गर्छ । ज्ञान कुनै निश्चित समूहको स्वार्थमा क्रियान्वित हुन्छ (फुको, सन् २००३, पृ. ७९) । तत्कालीन समयमा टाठाबाठा आर्यनश्लीय र कथित उच्च जातीय मानिसहरूले आफू अनुकूलका ज्ञानविमर्श गरेर अरूलाई बुद्धिहीन र अक्षम रूपमा प्रस्तुत गरेको देखिन्छ । उपर्युक्त साक्ष्यमा सत्तासीन आर्य नश्लीय र कथित उच्च जातीय अहङ्कारको विषयवस्तु उजागर गरिएको छ । विगतमा शासन सत्तामा एकलौटी वर्चस्व जमाएका आर्यनश्ल कथित उच्च जातीय अहङ्कारको प्रतिविम्बन भएको छ, "शासन सत्तामा एकलौटी रूपमा उच्च जात भनाउँदाहरूले कब्जा गर्दै जानु र आदिवासी जनजातिहरूलाई पाखा लगाउँदै जानुमा हिन्दु वर्ण

व्यवस्था र संरचनाकै कारण हुन सक्छ" (शेर्पा, २०७१, पृ. ५९) । विगतमा राज्य व्यवस्थाले हिन्दु वर्णव्यवस्थालाई नीतिनियम एवम् कानुन निर्माणको आधार बनाएर गैर हिन्दु खासगरी प्रकृतिपूजक आदिवासी जनजातिमाथि दमन गरेको प्रस्ट देखिन्छ ।

प्रस्तुत कवितामा सत्तासीनका भाषालाई उदात्त भाषाको रूपमा चित्रण गरिएकोमा कविको आपत्ति रहेको छ । देवनागरी लिपिमा लेखिने आरम्भको 'खसकुरा' परिवर्तित 'नेपाली भाषा' सुन्दर रहेको विषयवस्तुलाई विगतमा मानकीकरण गरी राज्यमा लागु गर्ने सन्दर्भ यसरी प्रस्तुत भएको छ,

> अझसम्म एकही गोर्खा भाषाको सर्वव्यापकता हुन सकेको छैन, किन्तु नेवार, भोटे, मगर, गुरुङ, लिम्बू, सुनुवार, दनुवार, थारु प्रवृत्तिका जंगली भाषाहरूले पनि आफ्नो जन्मस्थानलाई एकदम छाड्न सकेका छैनन् । जहाँसम्म एक मात्र "गोर्खा भाषा" ले अरु सबै जंगली भाषालाई अर्धचन्द्र (गलहत्ती) लगाउन्न त्यहाँसम्म "गोर्खा भाषाको उन्नति हुन्छ" भन्नु र "मुख्य भाषा कहिन योग्य छ" भन्नु केवल मनोलड्डु मात्र हो ।" (उद्धृत, शेर्पा,२०७१, पृ.५९)

उपर्युक्त साक्ष्यमा तत्कालीन समयमा सत्तासीन खसभाषीहरूले गैर खसभाषाहरूलाई पाखा लगाउने षड्यन्त्रमाथि प्रकाश पारिएको छ । त्यतिबेलादेखि हालसम्म उक्त शासक वर्गीय मानसिकता र मनोविज्ञानकै कारणले गर्दा यहाँका बहुसङ्ख्यक आदिवासी जनजातिलगायतका सीमान्तीकृतका भाषाहरूले उचित स्थान र अवसर पाउन नसकेको पुष्टि हुन्छ । उपर्युक्त साक्ष्यमा गैर खसभाषाहरूलाई जंगली भनी अपव्याख्या गर्नुका साथसाथै तिनलाई निकृष्ट पाराले हेपिएको सन्दर्भसमेत उजागर भएको छ । उपर्युक्त साक्ष्यले शासक वर्गीय खसभाषी दम्भ र अहङ्कारको द्योतन गरेको छ ।

विगतमा एकल भाषाको वर्चस्व कायम भएकाले यहाँका सीमान्तीकृत जनजाति, मैथिल, मधेसीलगायतका भाषाहरूले अनुकूल वातावरण पाउन सकेनन् । 'खसभाषा' मात्रले फल्नेफुल्ने अवसर पायो र अरु भाषालाई विभेदकारी व्यवहार गरिएको सन्दर्भ माथिको साक्ष्यबाट पुष्टि भइसकेको छ । यतिमात्र नभएर तत्कालीन राज्य संरचनामा जनजाति साहित्यकारका सृजनाहरु प्रकाशन गर्न एक खालको प्रतिबन्ध नै लगाइएको थियो । त्यतिबेला राज्यमा एकल भाषी वर्चस्व कायम रहेको कुरा माथिको सन्दर्भले उजागर गरेको छ । जनजाति कवि माथिको भाषिक दमनको सन्दर्भलाई समीक्षा गर्दै अभि सुवेदी उल्लेख गर्छन्,

> जनजाति कविहरूका आवाज दमित थिए । राजधानीका सिर्जनशील र लेखनकला भएका नेवार कविहरूले आफ्नो भाषामा कविता लेख्ने अनुमतिसम्म थिएन । तिनीहरूलाई आफ्ना सांस्कृतिक र वैचारिक किसिमले मानक साहित्यभित्र पसेर लेख्ने स्वतन्त्रता थिएन । अनि प्रकाशनको इतिहासले पनि त्यही भन्छ । मच्छेन्द्रबहालका कपडा व्यापारी जोगबीरसिंह कंसाकार नेपाल भाषामा कविता लेख्थे तर त्यो प्रकाशन गर्न पाउँदैनथे । (२०७२, पृ. २४)

उपर्युक्त साक्ष्यले तत्कालीन राज्य व्यवस्थामा गैर खसभाषी जनजातिलगायतका भाषिक सर्जकहरूले विभेदकारी र दमनकारी व्यवहारको सामना गर्नुपरेका तथ्यलाई द्योतन गरेको छ । तत्कालीन

राज्यसत्ता पूर्वाग्रही, असहिष्णु र असमावेशी रहेको यथार्थलाई उपर्युक्त साक्ष्यले पुष्टि गर्दछ । यहाँका आदिवासी जनजाति, मैथिल, मधेसी, भोजपुरी, अवधीलगायतका भुइँमान्छेहरूले लामो समयसम्म राज्यबाट सामाजिक न्यायको अनुभूति गर्न नपाएका वास्तविकतालाई उजागर गरिएको छ ।

## प्रतिरोध

प्रतिरोध शक्तिशाली वर्ग, समूह, जाति एवम् लिङ्गका अन्याय, अत्याचार, असमान व्यवहार, हिंसाका विरूद्धको प्रतिक्रिया हो । यसमा सीमान्तीकृत र अधीनस्थ वर्ग, समूह, जाति एवम् लिङ्ग तथा क्षेत्रका मानिसहरूले अपमानका विरूद्ध र आत्मसम्मान र स्वाभिमानका रक्षार्थ प्रभुत्वशाली पक्षधरका विरोधमा कडा प्रतिक्रिया जनाउँछ । सामाजिक विमर्शात्मक संरचनामा यसको सहसम्बन्ध शक्ति र प्रभुत्वसँग जोडिएको हुन्छ । यसमा सम्झौताभन्दा पनि चुनौती स्वीकार गरिन्छ (बार्कर, सन् २००४, पृ. १७८) । सामाजिक संरचनामा शक्तिविमर्शका हिसाबले शक्तिशाली वर्ग, जातजाति, समुदाय, लिङ्ग र क्षेत्रका मानिसहरूको बसोबास हुन्छ । वर्गीय संरचना भएको समाजमा अभिजात वर्ग शक्तिशाली हुन्छ भने जातजातिको हिसाबले सत्तानिकटस्थ जाति एवम् समुदाय प्रभुत्वशाली हुन्छ । त्यसैगरी लैङ्गिक दृष्टिकोणबाट पितृसत्तात्मक सामाजिक विमर्शात्मक संरचनामा पुरूष प्रभुत्वशाली भूमिकामा हुन्छ भने महिला अधीनस्थ भूमिकामा हुन्छे । सत्तासीन वर्ग, जाति एवम् लिङ्ग तथा कर्मचारी संयन्त्रमा नीति निर्माणको तहमा रहेका व्यक्तित्वहरू शक्तिशाली स्थानमा रहन्छन् । सामाजिक विमर्शका सन्दर्भमा शक्तिशाली वर्ग, जातजाति, समुदाय, लिङ्ग र क्षेत्रका मानिसका अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनका विरूद्धमा कमजोर वर्ग, जातजाति, समुदाय, लिङ्ग र क्षेत्रका मानिसहरू कडा प्रतिरोध गर्छन् । पृथ्वीनारायण शाहले राज्य विस्तारका क्रममा विभिन्न आदिवासी जनजातिमाथि शक्तिको प्रयोग गर्दा तिनले आफ्ना जातीय पहिचान र अस्तित्व रक्षार्थ डटेर मुकाविला गरेको पाइन्छ । तत्कालीन विमर्शात्मक संरचनामा विभिन्न जातजाति एवम् जनजाति तथा भाषिक एवम् सांस्कृतिक क्षेत्रका बासिन्दाहरूले पृथ्वीनारायण शाहको विस्तारवादी गतिविधि मन नपराएर विरोध गरेको पाइन्छ । उनले विभिन्न आदिवासी जनजाति, भाषिक तथा सांस्कृतिक समुदायलाई बलजफ्ती बेदखल गर्न खोजेका प्रसङ्गलाई कविले यसरी प्रस्तुत गरेका छन्,

> मगर गुरूङ किरात
> तामाङ लिम्बू मैथिल
> थारू नेवार केवरत दलित
> आदि आदिका
> घरबार बेदखल गर्दा होस् । (भण्डारी, २०८२, moolbato.com) ।

पृथ्वीनारायण शाहले आफ्नो राज्य विस्तार अभियानका क्रममा विभिन्न आदिवासी जनजातिमाथि दमन गरेको पाइन्छ । उनले भौगोलिक एकीकरण अभियान चलाउँदा यहाँका धेरै आदिवासी जनजातिहरूले चरम दमन र शोषण बेहोर्नु परेको थियो (शेर्पा, २०७१, पृ.४७) । यसबाट तत्कालीन राज्यसत्ताको क्रुर र दमनकारी व्यवहार अभिव्यञ्जित भएको छ ।

पृथ्वीनारायण शाहका गोर्खाली सेनाहरूले विभिन्न राष्ट्रमा आक्रमण गर्दा यहाँका मूलबासीहरूले आआफ्ना पहिचान जोगाउनका लागि प्रतिरोधसमेत गरेका थिए । पूर्वमा किरात समुदायका विभिन्न जातजातिले पृथ्वीनारायण शाहको एकीकरण अभियानको सशक्त विरोध गरेका थिए, "पूर्वमा किराँती (कोइँच, सुनुवार, राई, याक्खा र याक्थुङ (लिम्बू) हरूले समेत पृथ्वीनारायण शाहको एकीकरण अभियानको प्रतिरोध गरेका थिए" (गुरूङ, २०६७, पृ. १३) । यसै सन्दर्भमा अन्य अरु ठाउँका आदिवासी जनजातिहरूले समेत पृथ्वीनारायण शाहको बलशाली राज्य विस्तारको क्रमप्रति असन्तुष्टिको भाव अभिव्यक्त गर्दै प्रतिकार गरेको पाइन्छ । यस प्रसङ्गमा नुवाकोटका आदिवासी जनजाति तामाङ समुदायको साहसी कदमबारे उल्लेख गर्नु वाञ्छनीय देखिन्छ । पृथ्वीनारायण शाहका सेनाले नुवाकोटमा धावा बोल्दाखेरि त्यहाँका आदिवासी जनजाति तामाङ समुदायले डटेर मुकाविला गरेको इतिहास छ, "युद्धका बेला नुवाकोटका तामाङहरूले विद्रोह गरेका थिए" (भण्डारी, २०४६, पृ. ३४८) । तत्कालीन समयमा पृथ्वीनारायण शाहको राज्य विस्तारको क्रमलाई अस्वीकार गर्दै विभिन्न आदिवासी जनजातिहरूले आआफ्ना स्थानबाट सशक्त मुकाबिला गरेका प्रस्ट छ । उपर्युक्त साक्ष्यबाट यहाँका विभिन्न आदिवासी जनजातिका प्रतिरोधी स्वर अभिव्यञ्जित भएको छ ।

भण्डारीले 'मैथिल' शब्द प्रयोग गरेर मधेसका प्राचीन गणराज्यहरु मैथिल, तिरहुत, बज्जि र अवधका सन्दर्भबारे खोतल्ने प्रयास गरेको देखिन्छ । विगतमा तराईका विविध राज्यहरु समृद्ध अवस्थामा थिए (चौधरी, सन् २०१५, पृ.१४) । पृथ्वीनारायण शाहले राज्य विस्तारका क्रममा तिनका मौलिक भाषा, साहित्य, कला, संस्कृतिको विलोपन भएका तथ्यको प्रकटीकरण गरिएको छ । 'मैथिल' शब्दले तराई मधेसका विविध भाषा, संस्कार, संस्कृतिका बारेमा द्योतन गरेको छ । यसका साथै विवेच्य कवितामा कथित दलितमाथि अन्याय अत्याचार गरिएको सन्दर्भको अभिव्यक्तिसमेत छ । शासक वर्गले दलितमाथि अमानवीय र असामाजिक व्यवहार गरेका विषयवस्तुलाई प्राथमिकताका क्रममा राखिएको पाइन्छ । हिन्दु वर्ण व्यवस्थामा आधारित तत्कालीन सामाजिक संरचनामा जातीय उच्चताको अहम् लादेर यहाँका बहुसङ्ख्यक श्रमजीवी र शिल्पी समुदायका मानिसहरूलाई होच्याएर विभेदकारी व्यवहार गरेकोप्रति कविको चित्त दुखाइका साथसाथै आक्रोशसमेत अभिव्यञ्जित भएको छ । तत्कालीन राज्यव्यवस्थामा दलितलाई असामाजिक र अमानवीय व्यवहार गरिएको उत्पीडनको सन्दर्भलाई कवि भण्डारीले प्रस्तुत कवितामा प्राथमिकताका साथ उठान गरेको देखिन्छ । मुलुकी ऐन २०१० को सन्दर्भलाई उद्धृत गर्दै कानुनविद् ज्ञाइन्द्रबहादुर श्रेष्ठ सामाजिक छुवाछुतको अवस्थाबारे उल्लेख गर्छन्,

श्री ५ सुरेन्द्र विक्रम शाहदेवको शासन कालमा वि.सं.१९१० सालमा जारी भएको ऐन -मुलुकी ऐन) लोकपति र लेखपति झाले तयार गर्दा मनुस्मृति आदि धर्मशास्त्रको पनि सहयोग लिएका थिए । उक्त ऐनमा घटीबढी जातमा करणी गर्नेको, पानी नचल्ने जातको, अनाचार निर्णयको, भातमा बोर्नेको हिन्दु धर्मशास्त्रका कतिपय व्यवस्थाले स्थान पाइरहेको थियो ।. (२०५२, पृ.बे)

उपर्युक्त साक्ष्यले नेपालमा विगत लामो समयदेखि नै हिन्दु धर्मग्रन्थको आडमा निर्मित ऐन कानुनमा यहाँका श्रमजीवी र शिल्पी समुदायका कथित दलितलाई विभेदकारी व्यवहार गरिएको प्रस्ट छ ।

मनुस्मृति र धर्मशास्त्रको आधारमा निर्माण गरिएको ऐनमा नै यहाँका शिल्पी समुदायलाई अछुत भनी पानी नचल्ने बनाइएको तथ्यलाई उपर्युक्त साक्ष्यले इङ्गित गरेको छ ।

'दलित' भनेको सामाजिक संरचनामा उत्पीडित समुदाय हो । सामाजिक विमर्शात्मक संरचनामा जात व्यवस्थाभित्र पिँधमा रहेको वर्गीय दृष्टिकोणबाट श्रमजीवी, सांस्कृतिक रूपमा बहिष्कृत र पानीसमेत नचल्ने बनाइएका जातहरूको साझा परिचयका रूपमा प्रयोग हुँदै आएको शब्द हो दलित । दलित, ती जातहरूको आर्थिक, राजनीतिक र सांस्कृतिक अवस्थाको नाम हो, त्यस्तो अवस्थामा रहेको एउटा समुदाय हो । नेपालमा २०२४ सालभन्दा अगाडि आजका दलितलाई अछुत, तल्लो जात, पानी अचल, पौनी आदि अपमानजनक शब्दद्वारा नै सम्बोधन गरिन्थ्यो र बुझिन्थ्यो (आहुति, २०७७, पृ. ३५) । यस सन्दर्भले कथित दलितमाथि गरिएको असामाजिक, अमानवीय र विभेदकारी व्यवहारलाई छर्लङ्ग्याएको छ । नेपालको राज्यसत्ताले ऐन नै बनाएर यहाँका बहुसङ्ख्यक शिल्पी समुदायलाई दलितको संज्ञा दिएर तिनका मानसिकता र मनोविज्ञानमा नै दूरगामी प्रतिकूल र नकारात्मक प्रभाव पार्ने काम गरेको प्रस्ट हुन्छ ।

विगतमा राज्यसत्ताले सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक र धार्मिक हिसाबले पछाडि पारिएका जाति समूहलाई दलित भनेर विभेद गर्नुका साथै तिनका अस्मिता र मर्यादामा ठेस पुऱ्याउने काम भएको हो । तिनीहरु सामाजिक न्याय पाउनबाट वञ्चित हुनुका साथै तिनलाई जातजातिका आधारमा विभेदकारी व्यवहार र छुवाछुत गरिएको थियो (चौधरी, सन् २०१५, पृ. १२९) । नेपाली समाजमा श्रमका विभिन्न क्षेत्रमा आबद्ध भई उत्पादनमा योगदान पुऱ्याउँदै आएका श्रमजीवी शिल्पी समुदायलाई अमानवीय व्यवहार गरेर राज्यसत्ताले अन्याय अत्याचार गर्दै आएको तथ्यप्रति कविले प्रश्न तेर्स्याएका छन् ।

## वर्गीयता

कवि भण्डारीले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था आइसक्ता पनि निम्न वर्गीय मानिसहरूका जीवनमा परिवर्तन हुन नसकेको प्रति आपत्ति जनाएका छन् । राजनीतिक व्यवस्था परिवर्तन भए पनि यहाँ अभिजात वर्गकै हालीमुहाली रहेको छ । विपन्न वर्गका सामाजिक, आर्थिक र राजनीतिक रूपान्तरणका लागि राज्य व्यवस्थामा खासै काम नभएको सन्दर्भलाई कविले व्यङ्ग्य प्रहार गर्दै यस्तो भाव व्यक्त गरेका छन्,

> "तिमीहरूको गणतन्त्रमा
> हाम्रो बोलीका
> शब्द अटाउने
> ती शब्दमा
> पसिनाका गन्ध भिजाउने
> रस पो कहाँ छ र ।" (भण्डारी, २०८२, moolbato.com) ।

राज्यमा राजनीतिक व्यवस्था परिवर्तन भए पनि आम नागरिकका जीवनशैलीमा परिवर्तन हुन नसकेको तीतो यथार्थलाई कविले उपर्युक्त साक्ष्यमा प्रस्तुत गर्न खोजेका छन् । यहाँ विभिन्न कालखण्डमा राजनीतिक परिवर्तन भए पनि सामाजिक र सांस्कृतिक रूपान्तरण नभई यथास्थिति रहेकोप्रति कविको तीव्र असन्तुष्टि छ । जनयुद्धोत्तर काल गणतन्त्र काल भएपनि राजतन्त्रको अन्त्यपश्चात् पनि आम नागरिकले  लोकतन्त्रको अनुभूति गर्न नपाएको परिस्थिति छ । राज्यको प्रशासनिक केन्द्र सिंहदरबार फेरि पनि आम नागरिकको हुन नसकेको तथ्य छ । वर्गीयताका पक्षधरहरू सिंहदरबारभित्र प्रवेश गरे पनि सत्ताको चरित्रमा तात्त्विक अन्तर आएको छैन (पाण्डेय, २०७२, पृ. ३३६) । वर्गीय संरचनायुक्त समाजमा अभिजात वर्ग र निम्न वर्गको प्रस्ट स्वरूप देखिन्छ । अभिजात वर्गले उत्पादनका साधनस्रोतमाथि कब्जा जमाउनुका साथै राज्यसंरचनासमेतमा आफ्नो पकड जमाएको हुन्छ । यस सन्दर्भमा निम्न वर्गमा पर्ने श्रमिक वर्गले निकै कष्ट भोग्नुपरेको हुन्छ । मार्क्सका अनुसार आधारले अधिरचनाा निर्माण गर्ने भएकाले अधिरचनामा पनि धनी वर्गकै प्रभुत्वशाली भूमिका रहेको हुन्छ ।

देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको डेढ दशकभन्दा बढी समय व्यतीत भए पनि यहाँका उत्पीडित वर्ग, जाति, लिङ्ग र क्षेत्रका मानिसका जीवनशैलीमा कुनै परिवर्तन नभएकोप्रति उनी दुखी छन् । संसदीय भासमा परेको वर्तमान राजनीतिक व्यवस्थाबाट आम नागरिकको उत्थान सम्भव नभएकोले वर्तमान राजनीतिक व्यवस्थाप्रति तीव्र असन्तुष्टि व्यक्त गर्दै प्रतिरोधको स्वर सुसेलेको पाइन्छ । उनले आम नागरिकका जीवनजगत्मा आमूल परिवर्तनका लागि अर्को आन्दोलन गर्नुपर्ने सशक्त प्रतिरोधी स्वरको आह्वान गरेको देखिन्छ । यस सन्दर्भमा कविको अभिव्यक्ति यसप्रकार रहेको छ,

> इस ! हामी भन्छौँ
> अब साँच्चिकै
> नढाँटिने बैरी हुन्छौँ
> मार्क्सलाई सम्झदै
> तिमीहरूको दुनियाँ
> भत्काएर
> नयाँ दुनियाँ बनाउँछौँ  (भण्डारी, २०८२, moolbato.com)

उपर्युक्त साक्ष्यमा सरकार तथा प्रशासनिक संयन्त्रलगायत सबैतिर अभिजात वर्गकै पकड भएकाले निम्न वर्गीय मानिसका जीवनमा सामाजिक तथा सांस्कृतिक रूपान्तरण हुन नसकेको कविको निष्कर्ष रहेको छ । वर्तमानमा शासक वर्ग एवम् कर्मचारीतन्त्रले केवल धनी वर्ग मात्रका हित हुने काम गरेकाले  निम्न वर्गका हितका निम्ति मार्क्सलाई साक्षी बनाएर अर्को आन्दोलन गर्ने शङ्खघोष गरेका छन् । उनले यही राजनीतिक व्यवस्थाबाट बहुसङ्ख्यक उत्पीडित वर्गको उत्थान सम्भव नभएकोले वर्तमान सत्ताधारीका विपक्षमा आवाज बुलन्द गर्ने आह्वान गरेका छन् ।

## राष्ट्रिय स्वाधीनता र अस्मिताको प्रश्न

नेपालका विभिन्न कालखण्डका शासकहरु आफ्ना व्यक्तिगत, दलगत र सत्तागत स्वार्थ पूरा गर्नका लागि राष्ट्रिय स्वाधीनता र अस्मितामा प्रत्यक्ष परोक्ष आँच पुग्ने असमान सन्धि सम्झौता गरेकाप्रति कवि भण्डारीले प्रस्ट  पारेका छन् । सत्तासीन व्यक्तित्वहरूले पटक पटक नेपालको स्वाधीनता र अस्तित्वमा खलल पुग्ने  खालका सन्धि, सहमति गरेर नेपाली नागरिकलाई धोका दिनुका साथै राष्ट्रघात गरेकाप्रति कविको आपत्ति रहेको छ । कविले विगत लामो समयदेखि विभिन्न काल खण्डका शासक वर्गले राष्ट्रिय स्वाधीनता र अस्मितामा आँच पुग्ने गरी राष्ट्रिय हित विपरीतका ऐतिहासिक सन्दर्भहरूलाई यसरी व्यक्त गरेका छन्,

अंग्रेजका खुट्टा
ढोग्दा होस्
फिरङ्गीसँग
माफी माग्दा होस्
कोशी गण्डक अरूण
महाकाली
यस्तै यस्तै नदी बेच्दा होस्
एमसिसी गर्दा होस्
लिपुलेक लिम्पियाधुरा
जस्तै जस्तै भूभाग
सित्तैमा दिंदा होस्" (भण्डारी, २०८२, moolbato.com) ।

उपर्युक्त साक्ष्यमा कविले शासक वर्गीय राष्ट्रघाती कामप्रति आपत्ति जनाएका छन् । नेपाल सार्वभौमसत्ता सम्पन्न देश भए पनि यहाँका विभिन्न समयका शासकहरूले कहिले नेपाली नागरिक विदेशीलाई सुम्पिएर होस् अथवा नेपाली नदीनाला एवम् भूमि छिमेकी राष्ट्रलाई सुम्पिएर होस् राष्ट्रघातका सन्धि सम्झौता गरेका विषयवस्तुलाई गम्भीरतापूर्वक उठान गरेका छन् । उनले यस कवितामार्फत राणा शासन कालमा यहाँका राणा शासकहरूले निष्कण्टक आफ्ना सत्ता र शासन टिकाइराख्नका लागि साम्राज्यवादी ब्रिटिस इन्डिया कम्पनीका शासकहरूको चाकडी गरेका विषयवस्तुलाई सार्वजनिक गर्न खोजेका छन् । तत्कालीन राणा र पछिल्ला शाह कालका शासकहरूले गणतन्त्रोत्तर समयका सत्तासीन राजनीतिक दलका शीर्षस्थ नेताहरूले राष्ट्रिय स्वाधीनता र अस्मितामा प्रत्यक्ष असर गर्ने खालका सन्धि सम्झौता र सहमति गरेकाप्रति कविको तीव्र असन्तुष्टि र आक्रोश अभिव्यञ्जित भएको छ । वि.सं.१८७२ को सुगौली सन्धिका बेला नेपालले तत्कालीन ब्रिटिस इन्डिया कम्पनीसँग अपमानजनक र असमान सन्धि गरेर नेपालको भौगोलिक र सार्वभौमसत्तामा ठेस पुग्ने काम गरेकोप्रति कविको असहमति छ । उक्त सन्धि नेपाल र नेपालीका हित विपरीत भएकाले त्यो सन्धि सन्धि नभएर धोका थियो भन्ने कविको ठहर छ । सुगौली सन्धिका बारेमा नेपालका वरिष्ठ मार्क्सवादी सौन्दर्यचिन्तक एवम् संस्कृतिकर्मी चैतन्यको कथन यसप्रकार रहेको छ,

> सन् १८१५ मा अङ्ग्रेज साम्राज्यवादसँग लज्जाजनक सुगौली सन्धि गरियो । यसै प्रक्रियामा नेपाल अर्ध औपनिवेशिक र अर्धसामन्ती अवस्थामा बदलियो । सुगौली सन्धिको तात्कालिक परिणाम नेपालको राज्यविस्तारमा अवरोधका रूपमा देखा परे पनि यसको वास्तविक र दीर्घकालीन परिणाम नेपालको सार्वभौमिकतामाथिको साम्राज्यवादी हस्तक्षेप, प्रभुत्व, घुसपैठका आधारका रूपमा अभिव्यक्त भयो । गोर्खा भर्ती केन्द्रको स्थापना, दरबारिया गुटहरूको अन्तर्विरोध र शक्तिसङ्घर्षमा अङ्ग्रेजहरूको संलग्नता, नेपालको राजनीतिमा अङ्ग्रेजका दलालहरूको स्थापना, नेपाली आत्मनिर्भर अर्थतन्त्रमा व्यवधान, कालिङपोङ व्यापार मार्गद्वारा नेपाल तिव्वत सम्बन्धको विच्छेदन आदि यसका सबुत हुन् । (२०६५, पृ.९३)

उपर्युक्त साक्ष्यमा तत्कालीन समयका नेपाली शासक वर्ग साम्राज्यवादी शक्ति सामु नराम्रो पराजय बेहोरेर आत्मसमर्पण गर्न बाध्य भएको तथ्यलाई उजागर गरिएको छ । त्यतिबेलादेखि नै छिमेकी राज्यको हस्तक्षेप नेपालमा बढ्न गएको तथ्यलाई उपर्युक्त साक्ष्यले इङ्गित गर्दछ । स्वदेशी गुटपरस्त राजनीति, राजनीतिक खिचातानीका कारण विदेशीका चलखेल बढ्न गई यहाँको स्वाधीनता र अस्मितामा प्रतिकूल प्रभाव बढेको हो भन्ने कवि भण्डारीको ठोस तर्क रहेको देखिन्छ ।

सुगौली सन्धिपश्चात् खोलिएको गोर्खा भर्ती केन्द्र नेपाली माटोप्रतिको अपमान हो । यस सन्धिले यहाँको सार्वभौमसत्तामा दखल पुऱ्याउनुका साथसाथै यहाँका स्वाभिमानी नेपाली नागरिकका अस्मितासमेतमा धब्बा लगाउने काम गरेकोप्रति कवि सचेत देखिन्छन् । उनी विभिन्न कालखण्डमा शासक वर्गद्वारा गरिएका अपमानजनक र असमान सन्धि, सम्झौता तथा सहमतिलाई राष्ट्रघाती कदमको संज्ञा दिन खोजेका छन् । यस सन्दर्भमा झलक सुवेदीको टिप्पणी यसप्रकार रहेको छ :

> गोर्खा भर्ती केन्द्रको स्थापना सुगौली सन्धिकै परिणाम थियो जो नेपालको स्वाधीनतामाथि एक गम्भीर आघात थियो । सबैभन्दा महत्त्वपूर्ण कुरा त यो कुनै पनि सार्वभौमसत्ता सम्पन्न राष्ट्र र जातिको आत्मसम्मानको खिलाफको कुरा हो । केवल केही पैसाको लागि अर्काको देश र त्यसको शासक वर्गको स्वार्थरक्षार्थ बन्दुक बोकेर सिपाही बन्नु । यो त सरासर भाडाको सिपाही बन्नु हो जुन कुरा संसारमा नै आजसम्म राम्रो मानिएको छैन । यसले नेपालीको छवि पनि नराम्रो बनेको छ । अझ ब्रिटिस साम्राज्यले त गोर्खाहरूलाई मान्छेको मासु खाने रक्तपिपासु हत्यारा मेसिनका रूपमा संसारभर प्रचार गराएको छ । (२०६८, पृ. २५६)

भण्डारीका कवितामा नेपाली नागरिकलाई यहाँको शासक वर्गले आफ्नो स्वार्थ सिद्धिका लागि तत्कालीन ब्रिटिस इन्डिया कम्पनीका सेनामा गोर्खा रेजिमेन्टका नाममा भर्ती गराएर अपमानजनक काम गरेको तत्कालीन ऐतिहासिक भुलको प्रसङ्गलाई उजागर गरिएको छ । एकातिर विदेशी शासकका शासनसत्ता रक्षार्थ आफ्ना जिउज्यान समर्पण गर्नु अर्कातिर अपमानजनक र असमान व्यवहार खेप्नु गोर्खाली सेनाका निम्ति अत्यन्तै पीडादायक विषयवस्तु हुन् । यस खालको कलङ्कित यथार्थलाई बडो इमानदारीपूर्वक उठान गरिएको छ ।

कविले वि.सं २००७ को प्रजातन्त्र स्थापना, वि.सं.२०१७ सालमा पञ्चायती व्यवस्थाको स्थापना, वि.सं. २०४६ सालको प्रजातन्त्र पुनर्बहालीकाल र २०६३को जनयुद्धोत्तर कालपश्चात् नेपालका शासक वर्गले छिमेकी र अन्य राष्ट्रसँग गरेका अपमानजनक र असमान एवम् नेपालीका निम्ति आत्मघाती सन्धिका विषयवस्तुलाई बडो जोडतोडले उजागर गरेका छन् । छिमेकी राष्ट्र र अन्य विदेशी राष्ट्रसँग गरिएका राष्ट्रघाती सन्धि सम्झौता नेपाली माटोप्रतिको बेइमानी हो भन्ने कविको निष्कर्ष रहेको छ । देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भइसक्तासमेत यहाँका साँधसिमाना असुरक्षित रहेका कविले सार्वजनिक गरेको पाइन्छ । उनले यहाँका नदीनाला, पानी, साँधसिमानाको दिनानुदिन अतिक्रमणप्रति चासो व्यक्त गरेका छन् । नेपालको राष्ट्रिय अस्मिता र स्वाधीनतामाथिको हस्तक्षेप बढ्दो छ । यहाँको सीमावर्ती भूगोलमाथि छिमेकी राष्ट्रको हस्तक्षेप, सीमावर्ती नेपाली गाउँमा अपराधीहरु मात्र होइन, सुरक्षाकर्मीहरूको घुसपैठ र आगजनी, लुटपाट हाम्रो अस्मितामाथि धावा बोल्ने काम भइरहेकै छ (पाण्डेय, २०७२, पृ.३४६) । हाम्रा शासक वर्ग र राजनीतिकर्मीका अकर्मण्यका कारण छिमेकी एवम् विदेशी देशका हस्तक्षेपकारी भूमिका बढ्दै गएकाप्रति कवि गम्भीर र संवेदनशील देखिन्छन् । उनी यस्ता राष्ट्रिय अहितकारी कदमका विरूद्ध सचेत नेपाली बुद्धिजीवी, कवि, कलाकार, श्रमजीवी र रङकर्मी, विभिन्न पेसाव्यवसायी एकजुट भएर प्रतिरोध गर्नुपर्ने आह्वान गर्दछन् ।

## निष्कर्ष

प्रस्तुत कवितामार्फत कवि जगदीश चन्द्र भण्डारीले ऐतिहासिक सन्दर्भलाई केलाउँदै यहाँका शासक वर्गीय मानसिकता र मनोविज्ञानका साथै सीमान्तीकृत वर्ग, जाति, समुदाय, लिङ्ग र क्षेत्रका मानिसहरूको उत्पीडनको अवस्थाबारे उजागर गरेका छन् । विगतमा पृथ्वीनारायण शाहले एकीकरण गर्दाखेरि विभिन्न आदिवासी जनजाति माथि गरेका अन्याय, अत्याचार, दमनका विषयवस्तुको वस्तुपरक प्रस्तुति छ । प्रस्तुत कवितामा आदिवासी जनजातिले आफ्ना सामुदायिक, भाषिक र सांस्कृतिक अस्तित्व रक्षार्थ पृथ्वीनारायण शाहका विरूद्ध गरेका सशक्त प्रतिरोधी स्वर मुखरित भएको छ । शासक वर्गले आफ्नो हकहित र निष्कण्टक राज्य सञ्चालनका लागि राष्ट्रिय हित विपरीत विदेशी राष्ट्रसँग सन्धि सम्झौता गरेका तथ्यको खोलुवा गरिएको छ । यस कवितामा शासक वर्गीय आर्य नश्लीय र कथित उच्च जातीय अहङ्कार र दम्भको विषयवस्तुको शल्यक्रिया गरिएको र साथसाथै यहाँका बहुसङ्ख्यक आदिवासी जनजाति, मैथिल, मधेसी, दलितलगायतका जनताहरूले लामो समयसम्म सामाजिक न्याय पाउनबाट वञ्चित रहेका तथ्य उजागर गरिएको छ । राज्यमा राजनीतिक व्यवस्था परिवर्तन भएर सङ्घीय लोकतान्त्रिक व्यवस्था आए पनि बहुसङ्ख्यक सीमान्तीकृत जनताका जीवनशैलीमा परिवर्तन नभएकाले नागरिकका आमूल परिवर्तन र सम्मानजनक समावेशिता एवम् प्रतिनिधित्वका लागि पृथक् स्वरूपको आन्दोलनको आवश्यकता रहेको उनको ठहर छ ।

## सन्दर्भ सामग्रीसूची


आहुति .(२०७७). दलित शब्द : सम्मान र अपमानको बहस, जात वार्ता : बेला पब्लिकेसन्स (पृ.३५–४३) ।

गुरूङ, ओम .(२०६७). नेपालमा आदिवासी जनजाति आन्दोलनको इतिहास, आदिवासी जनजाति जर्नल वर्ष ३, अंक १२, (पृ. २८) ।

चैतन्य .(२०६५). अर्द्ध सामन्ती तथा अर्द्ध औपनिवेशिक अवस्था, नेपाली समाज र संस्कृति : एक सङ्क्षिप्त अध्ययन : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. (पृ.९३–१०१) ।

चौधरी, दीपक (सन् २०११/सन् २०१५). तराई/मधेस अफ नेपाल : रत्न पुस्तक भण्डार (पृ.१३–४४) ।

दाहाल, पेशल .(२०५८). आधुनिक काल-नेपालको एकीकरण, नेपालको इतिहास र संस्कृति. : एम.के.पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स, (पृ. ११९–१४२) ।

पाण्डेय, ताराकान्त .(२०७२). समकालीन नेपाली प्रगतिवादी कविताको वैचारिक अन्तर्वस्तु, प्रज्ञा समकालीन नेपाली कविताविमर्श. अमर गिरी र हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम (सम्पा.) : नेपाल प्रज्ञा-प्रतिष्ठान (पृ.३२७–३४६) ।

पोस्टिग्ल्योन, गेरार्ड .(सन् १९९५). नेस्नल माइनोरिटिज एन्ड नेस्नलिटिज पोलिसी इन चाइना, इन दि नेस्नल क्वेस्चन. वर्च बरबेरोगिन (सम्पा.) : टेम्पल युनिभर्सिटि प्रेस

फुको, मिसेल .(सन् २००३). डिस्कोर्स, रूटलेज क्रिटिकल थिङ्कर्स. सारा मिल्स (सम्पा.) : रूटलेज टायलर एन्ड फ्रान्सिस ग्रुप (पृ.५३–६५) ।

फुको, मिसेल .(सन् २००३). पावर/नलेज, रूटलेज क्रिटिकल थिङ्कर्स. सारा मिल्स (सम्पा.) : रूटलेज टायलर एन्ड फ्रान्सिस ग्रुप (पृ.६७–७९) ।

बार्कर, क्रिस .(सन् २००४). दि सेज डिक्सनरी अफ कल्चरल स्टडिज. लन्डन, दि थाउजेन्ड ओक्स : सेज पब्लिकेसन्स प्रा.लि. ।

भण्डारी, जगदीश चन्द्र .(२०८२). नयाँ अठोट, तीन भिन्न कविता, https:// moolbato.com बैशाख २७ गते शनिबार ।

भण्डारी, ढुण्डीराज .(२०४६). नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास : प्रकाश प्रकाशन ।

लिच, विन्सेट बी. .(सम्पा.सन् २०१०). दि नोर्टोन यान्थोलोजी : लिटररी थ्योरी एन्ड क्रिटिसिज्म, डब्लु डब्लु : नोर्टोन एन्ड कम्पनी ।

शर्मा, सुकुम .(२०७८). नेपाली कवितामा समकालीनता, समकालीन नेपाली कवितामा युग चेतना : नेपाल प्रज्ञा-प्रतिष्ठान (पृ. १३–४२) ।

शेर्पा, लाक्पा .(२०७१). नेपालमा आदिवासी आन्दोलनको ऐतिहासिक झलक, नेपालका आदिवासी जनजाति आन्दोलनको ऐतिहासिक रूपरेखा. लाल श्याँकारेलु रापचा (सम्पा.) : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, नेपाल सरकार (पृ. ४७–४८) ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर .(२०५०/२०५२). लेखकको दुई शब्द, मुलुकी ऐन–एक टिप्पणी. दोस्रो संस्क. : पैरवी प्रकाशन (पृ.बे.) ।

सुवेदी, अभि .(२०७२).समकालीन नेपाली कवितामा जनजातीय चेतना, प्रज्ञा समकालीन नेपाली कविताविमर्श. अमर गिरी, हेमनाथ पौडेल र लक्ष्मणप्रसाद गौतम (सम्पा.) : नेपाल प्रज्ञा-प्रतिष्ठान (पृ. १५–७०) ।

सुवेदी, झलक .(२०६८). ब्रिटिस साम्राज्यका नेपाली मोहरा. : हिमाल किताब ।

सुवेदी, पुरूषोत्तम .(२०६६). समकालीन नेपाली कविता र विषयवस्तु, सङ्क्रमणको साहित्य र समकालीनता : साझा प्रकाशन (पृ.२९–४७) ।